# नेपाली राजदूतावास
# EMBASSY OF NEPAL
## ISLAMABAD

<u>प्रेश विज्ञप्ति</u>

माननीय उप प्रधानमन्त्री तथा अर्थ मन्त्री श्री कृष्ण वहादुर महराले पाकिस्तानको इश्लामाबादमा मिति २०७३/५/१० मा आयोजित सार्क अर्थ मन्त्रीहरुको आठौं बैठकमा भाग लिनुभयो । बैठकको उद्घाटन पाकिस्तानका प्रधानमन्त्री महामहिम श्री नवाज शरीफले गर्नुभएको थियो । वर्तमान अध्यक्षका हैसियतले माननीय उप प्रधान तथा अर्थ मन्त्री श्री कृष्ण बहादुर महराले यो बैठकको शुरुवात गर्दै पाकिस्तानका अर्थ मन्त्रीलाई आठौं बैठकको अध्यक्षताका लागि प्रस्ताव गर्नुभएको र सोही अनुसार सो बैठकको अध्यक्षता पाकिस्तानका अर्थ मन्त्री महामहिम मोहम्मद इशाक दारले गर्नुभएको थियो । बैठकको शुरुवातमा उप प्रधान तथा अर्थ मन्त्री महराले यो बैठक पाकिस्तानले आयोजना गरेकोमा धन्यवाद दिदैं यस बैठकले सार्क राष्ट्रहरु वीच आर्थिक सहयोग अभिवृद्धि गर्ने, क्षेत्रीय आर्थिक एकिकरणतर्फ अभिमुख हुन दिशानिर्देश गर्ने र यस बाट सार्क वडापत्रमा उल्लेख भएका उद्देश्यहरु हासिल गर्न सहयोग पुग्ने अपेक्षा गर्नुभयो ।

यो बैठकमा सार्क राष्ट्रहरु बीचको व्यापार अभिवृद्रि गर्न समस्याका रुपमा रहेका भन्सार तथा गैर भन्सार अवरोधहरु कम गर्ने, भन्सार प्रकृया तथा कागजातहरुमा एकरुपता ल्याउने, व्यापार प्रवर्द्धनका लागि आवश्यक पूर्वाधारहरुको सुधार एवं विकास गर्ने जस्ता विषयमा जोड दिइएको थियो । त्यसैगरी सार्क राष्ट्रबीचको आर्थिक सहयोग अभिवृद्धि गर्न दोहोरो कर मुक्ति सम्वन्धी सार्क क्षेत्रीय सम्झौता लाई परिमार्जन गर्ने, सदस्य राष्ट्रहरुवीच लगानी प्रवर्द्धन र संरक्षण गर्ने उद्देश्यले तयार गरिएको सम्झौतालाई अन्तिम रुप दिने कार्यलाई प्राथमिकता दिन सबै सदस्य राष्ट्रहरुबाट प्रतिबद्धता व्यक्त भएको थियो ।

यस अघि मिति २०७३/५/९ गते भएको सार्क अर्थ सचिवस्तरीय बैठकमा भएका निर्णयहरुलाई समेत यो बैठकले अनुमोदन गरेको थियो । सार्क अर्थ सचिवस्तरीय बैठकमा नेपालको तर्फवाट अर्थ मन्त्रालयका सह सचिव श्री बैकुण्ठ अर्यालले भाग लिदैं क्षेत्रीय आर्थिक विकासका लागि SAFTA, SATIS लगायतका व्यापार सहजिकरण र व्यापार अभिवृद्धिमा जोड दिनुपर्ने विषय राख्नुभएको थियो ।

सार्क क्षेत्रको आर्थिक सामाजिक विकासका लागि श्रोत उपलब्ध गराउन स्थापित सार्क विकाश कोषको पच्चिसौं बैठक र यसको Governing Council को पाचौं बैठक समेत यसै अवसरमा सम्पन्न भयो । यी बैठकहरुमा सामाजिक क्षेत्रका आयोजनाहरुलाई प्रभावकारी बनाउने र आर्थिक पूर्वाधार क्षेत्रका आयोजनाहरुलाई अघि बढाउने विषयमा छलफल भएको थियो ।

माननीय उप प्रधान तथा अर्थ मन्त्री कृष्ण वहादुर महराको नेतृत्वमा रहेको प्रतिनिधिमण्डलमा अर्थ मन्त्रालका सह सचिव श्री बैकुण्ठ अर्याल, परराष्ट्र मन्त्रालयका सह सचिव श्री मणि प्रसाद भट्टराई र अर्थ मन्त्रालयका उप सचिव श्री सूर्य प्रसाद पोखरेल रहनुभएको थियो ।

नेपाली राजदूतावास
इस्लामाबाद

२०७३।५।१०
ईस्लामाबाद

House No. 6, Gomal Road, Sector E/7, Islamabad, Pakistan.
Tel: (0092-51) 2610317-19 Fax: (0092-51) 2610320
Email: nepem@comsats.net.pk/islamabad@mofa.gov.np Web: http://www.nepalembassy.pk/

Scanned by CamScanner